

के तपाईको घर पा(नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २३३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० भदौ १८ गते सोमबार ❑ 4 Sept. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## पोखरामा पहिलो चरणको उज्यालो अभियान

पोखरापत्र संवाददाता
पोखरा, १७ भदौं

गण्डकी प्रदेशको राजधानी पोखरालाई उज्यालो पोखरा बनाउने अभियान अर्न्तगत पहिलो चरणमा हाई मास्ट लाइट सहित २ सय ३० वटा स्मार्ट सडक बत्ती जडान कार्य सम्पन्न भएको छ।

पोखरामा २३ वटा हाई मास्ट लाइट र २ हजार ७ वटा स्मार्ट सडक बत्ती जडान कार्य सम्पन्न भएको पोखरा महानगरका मेयर धनराज आचार्यले बताउनुभयो । नेपाल विद्युत प्राधिकरणको राष्ट्रिय सडकबत्ती प्रर्वद्धन आयोजना अन्तरगत रहेको उक्त अभियानमा पोखरा महानगरपालिकाको ५० प्रतिशत लगानीमा उक्त सडक बत्ती जडान कार्य सम्भौता भएको करिब ३ बर्ष पछि सम्पन्न भएसंगै आइतबार साँझ उक्त परियोजनाको उद्घाटन गरिएको उहाँले बताउनुभयो । नेपाल बिद्युत प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत कुलमान घिसिङले देशका कुनै पालिकाले चाहेमा साभेदारीमा प्राधिकरणले दशै उज्यालो बनाउने अभियान अर्न्तगत लगानी गर्न तयार रहेको बताउनु भयो। देशै भरीका शहरहरु समेत उज्यालो बनाउने अभियान अर्न्तगत पोखराको पहिलो चरणको कार्यक्रम सम्पन्न भएसंगै पुनः दोश्रो चरणको कार्यक्रम अघि बढाउन प्राधिकरण तयार रहेको उहाँले बताउनु भयो। देशै उज्यालो बनाउने अभियानको साथमा शहर उज्यालो बनाउने उक्त अभियान अर्न्तगत साभेदारीमा ललितपुरबाट सुरू



भएको उहाँले बताउनु भयो। ६० र ४० को उक्त परियोजना लागु गर्न पूर्व तत्कालिन पोखराका मेयर मानबहादुर जिसीले जग्गा उपलब्ध गराएकोले ५० प्रतिशतमा सम्भौता गरिएको घिसिङले उल्लेख गर्नुभयो।

प्रमुख कार्यकारी अधिकृत घिसिङले ताप्लेजुङसम्म हाल उक्त अभियान पुगेको दाबी गर्नू भयो। उहाँले नेपालमा बिद्युतको पहुँच हाल गाउँ गाउँमा ९८ प्रतिशत पुगेको जनाउनुभयो।

पोखरामा पटक पटक बिद्युत जाने समस्याको बारेमा सोधपुछ गरी त्यसको तत्कालीन र दिर्घकालिन अबस्था हेरी काम गर्न निर्देशन दिने उहाँको भनाई थियो । देशका मुख्य बजार क्षेत्रमा रहेका अधिकांश तारहरुको गुजुल्टाले शहर फोहोर मात्र नभई बिद्युत जादा एउटा पोलमा समस्या आउदा सबै तार काटेदै हेर्नुपर्ने समस्या रहेको प्रमुख कार्यकारी अधिकृत घिसिङले बताउनुभयो । पोखरा महानगरका मेयर धनराज आचार्यले उज्यालो पोखराको अभियान अन्य शहर भन्दा फरक ढंगले पोखराबाट सुरुवात भएको दाबी गर्नु भयो । दोश्रो चरणमा पुनः उज्यालो पोखरा बनाउने अभियानमा महानगर लाग्ने भएको उहाँको भनाई थियो । पोखरामा यस अघि जडान भएका २ हजार सोलार लाईटका प्यानल पुनः प्रयोग हुने गरी त्यसलाई प्राधिकरणसंगको सहकार्यमा प्रयोग गर्ने मेयर आचार्यले बताउनु भयो। पोलका तार व्याबस्थापनमा ध्यान दिने बताउदै उहाँले १ लाख भन्दा बढीको लागतमा प्रति हाई माक्ट लाइट जडान भएको दाबी गर्दै न्यूरोड डिभाइडर निर्माणमा १ करोड खर्च भएको जनाउनु भयो। हाल ६० किलोमिटर क्षेत्रमा उक्त सडक बत्ती जडान भएको उहाँले बताउनु भयो।

कार्यक्रममा कस्कीका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले आम जिल्लाबासीको सुरक्षामा यस्ता अभियानले सहयोग पुग्ने विश्वास व्यक्त गर्नु भयो। पोखरा महानगरका प्रमुख प्रसासकिय अधिकृत श्याकृष्ण थापाले उक्त अभियानलाई दिगो बनाउन नगरबासीले चासो दीनु पर्ने बताउदै पोखराका ३३ वटै वडामै उज्यालो वडा बनाउने बताउनु भयो । निर्माण कम्पनी टपसन ईनर्जी प्रा.लि.का किरण गौतमले उक्त अभियान अर्न्तगत केही तार १ हजार ७ सय मिटर अण्डरग्राउण गरी नमुना काम भएको दाबी गर्नु भएको । उक्त सडक बत्ती ५ बर्ष वारेन्टी भएकोले आफ्नो टोली यही बस्ने उहाँले बताउनु भयो।

आयोजना प्रमुख प्रमोद रिजालले उक्त परियोजनामा हाई मास्ट लाइट २३, २ हजार ७ वटा स्मार्ट सडक बत्ती जडान सहित १६ मिटरसम्मका अग्लो, ३२ स्थानमा कन्ट्रोलर, ६० किलोमिटर क्षेत्रमा, ४ सय ३९ नयाँ पोल जडानमा समेत जडान भएको बताउनु भयो । धेरै र थोरै भोल्ट समेत बाल्न मिल्ने सिस्टम जडान भएको उहाँले बताउनु भयो । सडक बत्तीको पावर १२० वाट र ९० वाटका हुनेछन् भने हाई मास्ट लाइटको पावर २ सय वाट (प्रति लाइट) हुनेछ । यसरी एक हाइ मास्ट लाइटको पावर १ हजार ६ सय वाटको हुनेछ। एक स्थानमा ८ वटा हाइ मास्ट लाइट हुनेछ। फिलिप्स ब्राडको उक्त बत्ती ५० हजार घण्टा अर्थात ११ बर्ष चल्ने, उक्त बत्तीको दिगो पनको लागि हट्लाईनको समेत व्याबस्था गर्ने प्रमुख रिजाले बताउनु भयो। पोखरा ९ का वडा अध्यक्ष दीपेन्द्र मर्सानीले उज्यालो पोखरा बनाउने अभियानमा सुरूवात भएको बताउनु भयो। पोखराको न्यूरोड, महेन्द्रपुल, चिप्लेढुंगा, पार्दी, किरोकिलोमिटर, पृथ्बीचोक, लेकसाइड, शहिचोक, लगायतका क्षेत्रमा उक्त सडक बत्ती जडान भएको छ।

## पृथ्वीनारायण क्याम्पस पोखराको गौरवः मेयर आचार्य

पोखरापत्र संवाददाता
पोखरा, १७ भदौं

पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले पोखराको पूरानो शैक्षिक संस्था पृथ्वीनारायण क्याम्पसलाई पोखराको गौरवको विषय भएको बताएका छन।

पृथ्वीनारायण क्याम्पसको ६४ औं वार्षिकोत्सवको समारोहलाई सम्बोधन गर्दै मेयर आचार्यले यस्तो अभिव्यक्ति दिएका हुन । उनले पृथ्वीनारायण क्याम्पसमा पोखराका केही क्याम्पस गाभेर विश्वविद्यालय बनाउने लक्ष्य सफल नभए पनि क्याम्पस विश्वविद्यालय सरह नै रहेको बताए। 'पोखराको पृथ्वीनारायण क्याम्पस विश्वविद्यालय सरहको रुपमा रहेको छ, क्याम्पसलाई पोखराको गौरवको विषयमा अगाडि बढाउनुपर्छ', मेयर आचार्यले भने, 'पोखरा भन्दा बित्तिकै पृथ्वीनारायण क्याम्पसको नाम आउँछ, कतिले यसलाई ध्यान दिदैनन्, सबैले ध्यान दिने गरी समाजको सबै क्षेत्रमा पुग्ने गरी क्याम्पसको विकासमा सधै साथ रहनेछ।'




महानगरको कार्यक्षेत्रमा विद्यालय बाहेक कलेजहरुमा काम गर्न नमिल्ने बताउँदै मेयर आचार्यले अध्ययन अनुसन्धानमा सहकार्य गर्न नीति तथा कार्यक्रममा बजेट बिनियोजित गरेको बताए। उनले पृथ्वीनारायण क्याम्पसले कुन क्षेत्रलाई प्राथमिकता दिने हो त्यसमा स्पष्ट रहन आवश्यक रहेको बताए। 'पोखरामा दुईवटा विश्वविद्यालय स्थापना भइसकेका छन्, अन्य क्याम्पसले भन्दा पिएन क्याम्पसले कुन क्षेत्रलाई प्राथमिकता दिने हो त्यसमा क्याम्पस स्पष्ट हुन आवश्यक ।' उनले भने। क्याम्पसबाट पास भएकाले विद्याथीहरुमा सैद्धान्तिक ज्ञान मात्र हुने भएकाले प्रयोगात्मक ज्ञान कम हुँदा दक्ष जनशक्ति उत्पादनमा असर परेकाले यसमा पनि क्याम्पसले दिन आवश्यक रहेको मेयर आचार्यले बताए । आफुले प्राप्त गरेको सफलताको पहिलो खुड्किला क्याम्पस भएकाले क्याम्पस प्रति सधै ऋणी रहेको मेयर आचार्यको भनाइ छ। यस्तै पृथ्वीनारायण क्याम्पसका क्याम्पस प्रमुख प्राध्यापक डा।सरोज कोइरालाले नेपाल सरकारले त्रिविका शिक्षक /कर्मचारीको तलब बाहेक अन्य शिर्षकमा अनुदान रकम नदिँदा त्रिविलाई आर्थिक भार परिरहेको बताए। 'नेपाल सरकारले त्रिविका शिक्षक/कर्मचारीको तलव बाहेक निवृत्तिभरण,सञ्चयकोष र दक्षता अभिवृद्धि भत्ता शिर्षकमा कुनैपनि अनुदान दिँदैन', कोइरालाले भने, 'यही शिर्षकमा सरकारबाट प्राप्त हुने सुविधा नआउँदा त्रिविलाई वार्षिक करिव ४/५ अर्बको आर्थिक भार परिरहेको छ ।' उनले त्रिविबाट यस क्यामपसमा स्वीकृत केन्द्रीय दरबन्दीमा कार्यरत शिक्षक/कर्मचारीको तलबभत्त मात्र अनुदान स्वरुप आउने र आन्तरिक स्रोतबाट नियुक्त भएका शिक्षक कर्मचारीहरुलाई आन्तरिक स्रोतबाट नै व्यवस्थाप मिलाउनुपर्ने समस्या रहेको सुनाए।

क्यूएए प्राप्त शैक्षिक संस्था पृथ्वीनारायण क्याम्पसमा गत आर्थिक वर्ष २०७९/०८० को तथ्याङ्क अनुसार स्नातक र स्नातकोत्तर तहमा ११ हजार ६ सय ८४ जना विद्याथीहरु रहेको क्याम्पसले जनाएको छ । वार्षिकोत्सवको अवसरमा आयोजित कविता लेखन प्रतियोगितामा सागर पनेरु प्रथम, गीता आचार्य द्धितीय र शारदा आचार्य तृतीय भएकी थिईन । उनीहरुलाई नगदसहित पुरस्कार वितरण गरिएको थियो।

यस्तै वार्षिकोत्सवको अवसरमा नेपाल बैंक लिमिटेडको (सीएसआर अन्तर्गतको छात्रवृत्ति

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखरामा ३ दिने अन्तर्राष्ट्रिय कार्यशाला सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १७ भदौं

नेपाल समाजशास्त्र संघको आयोजनामा पोखरामा ३ दिने अन्तराष्ट्रिय कार्यशाला सम्पन्न भएको छ।

गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुडले उद्घाटन गर्नु भएको सो कार्यक्रम नेपाल समाजशास्त्र संघका अध्यक्ष एवं गण्डकी बिश्व बिद्यालयको उपकुलपती गणेशमान गुरुङको सभापतित्वमा सम्पन्न भएको हो । । नेपालमा सुशासन र सामाजिक रुपान्तरण सम्बन्धी उक्त अन्तराष्ट्रिय सम्मेलनमा नेपालका बरिष्ठ समाजशास्त्री तथा भारत, चिन, बेलायत, जापान, नर्वे र अमेरिका लगायतका मुलुकबाट ५६ कार्यपत्र प्रस्तुत भएका थिए। जसमध्य अधिकांस प्रतक्ष फिजिकल्ली र केही हाइब्रिड अर्थात अनलाइनबाट कार्यपत्र प्रस्तुत भएका थिए । डेड सय समाजशास्त्रीहरु प्रत्यक्ष भेला भएको सो कार्यक्रम यही भाद्र १५, १६ र १७ गते अर्थात सेप्टेम्बर १ देखी ३ सम्म क्षेत्रीय कृषि अनुसन्धान केन्द्र लुम्लेमा सम्पन्न भएको हो । नेपालका चर्चित समाजशास्त्री तथा बिभिन्न पदिय




हैसियतमा रहेका समाजबिद्ध सहित भारतिय समाजशास्त्री एवं प्राध्यापकहरु तथा जापानको प्राध्यापक पनि प्रतक्ष उपस्थित थिए भने नर्वे, युके, अमेरिका र नेपालका बिभिन्न स्थानबाट समेत समाजशास्त्री अध्यताहरुले आआफ्ना कार्यपत्र प्रस्तुत गरेका थिए। नेपाली समाजको अध्यान अनुसन्धान र बिश्लेषणका साथै समाजशास्त्रको अभिबृद्धि गर्ने हेतुले सञ्चालित सो कार्यशालामा समाज बिज्ञानका स्वदेशी तथा बिदेशी बिद्धानहरुबाट नेपालको २०४६ देखिको राजनैतिक परिर्वतन, आम्दोलन, जनयुद्ध तथा जनआम्दोलन र अन्य सामाजिक आम्दोलनको बिकास प्रक्रियाबारे छलफल,बिश्लेषण गर्न मञ्च प्रदान गरिने छ । पृथ्वीनारायण क्याम्पसको समाजशास्त्र तथा ग्रामिण बिकास बिभागसगको सहकार्य र गण्डकी बिश्वबिद्यालयको सक्रियतामा भएको थियो।

सो कार्यक्रममा राज्य पुर्नसंरचना र त्यसले पारेका प्रभावहरुबारेमा समेत कार्यशालामा छलफल भएको थियो । कार्यक्रमको अन्त्यमा कार्यक्रम आयोजक संस्था नेपाल समाजशास्त्र संघका अध्यक्ष प्रा डा गणेशमान गुरुङले समाजशास्त्रीहरुले आफ्नो सिप सोच र विद्यत्वलाई समाज बिकास र समाजशास्त्रको उन्नतीमा लगाउनुपर्ने बताउनुभयो।


## द्विपक्षीय सम्बन्ध थप प्रगाढ बनाउन नेपाल भ्रमण : अमेरिकी सिनेटर होलेन

रासस
काठमाडौं, १७ भदौं

सयुक्त राज्य अमेरिकी सिनेटको परराष्ट्रसम्बन्ध समिति र राज्य तथा वैदेशिक कार्य-सञ्चालनसम्बन्धी विनियोजन उपसमिति सदस्य सिनेटर क्रिस भान होलेन तीन दिने नेपाल भ्रमण सम्पन्न गरी आइतबार फर्कंदै हुनुहुन्छ।

भ्रमणका क्रममा उहाँले नेपाल र अमेरिकाबीचको राजनीतिक र व्यावसायिक सम्बन्धलाई थप मजबुत बनाउन सरकारी अधिकारी, गैरसरकारी संस्थाका प्रतिनिधि, युवा, सांसद र उद्यमी, दूतावासका कर्मचारीलगायतसँग भेटवार्ता र बैठक गर्नुभएको थियो। सिनेटर होलेनले मुलुकमा स्वास्थ्य, विद्युत्, यातायात, पूर्वाधारलगायत क्षेत्रमा सञ्चालित अमेरिकी परियोजनाबारे चासो व्यक्त गर्दै ती कार्यबाट आफू सन्तुष्ट रहेको बताउनुभयो । नेपालका ऐतिहासिक सांस्कृतिक सम्पदाको समेत अवलोकन गर्नुभएका उहाँले आइतबार बौद्धनाथ स्तुपा अवलोकनपछि सञ्चारकर्मीसँगको अन्तरक्रियामा द्विपक्षीय

बाँकी अन्तिम पृष्ठमा ▶▶

# लुम्रे-सिदिङ सडकको पहिरो नपन्छाउँदा स्थानीयवासी समस्यामा

**पोखरापत्र संवाददाता**
पोखरा, १७ भदौं

कास्कीको माछापुच्छ्रे गाउँपालिकालाई पोखरालाई जोड्ने मुख्य सडक मनिलालमार्गअन्तर्गतको लुम्रे-सिदिङ सडकखण्डको पहिरो पन्छाउन ढिलाइ हुँदा स्थानीयवासी समस्यामा परेका छन् ।

मर्दी हिमाल पदयात्रामार्गको प्रवेशद्वारका रूपमा रहेको सिदिङ जाने सडक यही भदौ ६ गतेको पहिरोले बन्द हुँदा स्थानीयसहित पर्यटकले समेत सास्ती व्यहोर्नुपरेको हो । पहिराले माछापुच्छ्रे गाउँपालिका-८ र ९ दुई वडाका नागरिक प्रभावित बनेका हुन् । यी दुई वडा यहाँका पर्यटकीय क्षेत्रसमेत हुन् । लुम्रे–सिदिङ सडकखण्डको घलेलस्थित केसवाङको घुम्ती र नागीमा पहिरो खसेको हो । ठूला ढुङ्गासहित माथिबाट खसेको पहिराले सडक पूर्णरूपमा बन्द भएको छ । माछापुच्छ्रे-९ का वडाध्यक्ष राजेन्द्र क्षेत्रीले जेसिबी लगाएर पहिरो पन्छाएर सडक खुलाउने प्रयास गरिए पनि सफल नभएको बताउनुभयो । सो पहिरो पन्छाउन ठूलो चेनवाला मेसिन चाहिने भएको र गाउँमा उपलब्ध नभएकाले बाटो खुलाउन समय लागेको बताउनुभयो । उहाँले भन्नुभयो, "ठूला-ठूला ढुङ्गा खसेर सडक अहिले पूरै बन्द छ । खुलाउने प्रयास गरेका थियौँ तर जेसिबीबाट पन्छाउन सम्भव भएन । पोखराबाट ठूलो मेसिन लिएर गएर सडक खुलाउनुको विकल्प छैन ।" सडकको पहिरोमात्र पन्छाउनका लागि गाउँपालिकाले रु ७५ हजार लागत अनुमान गरेको छ । तर गाउँमा ठूलो मेसिन उपलब्ध नहुँदा बजारबाट लैजानुपर्ने बाध्यता रहेकाले लागत बढ्ने अनुमान गरिएको छ । "पोखराबाट ठूलो मेसिन गाडीमा राखेर ल्याउन/लैजानमात्र भाडा रु एक लाख हाराहारी लाग्छ । लागत अनुमानमा त्यो रकम समावेश छैन । त्यसैले बजेट अभावमा समेत पहिरो पन्छाउन ढिलाइ भएको हो", वडाध्यक्ष क्षेत्रीले भन्नुभयो । पहिराले घलेल, कालिमाटी र सिदिङका स्थानीयवासी प्रत्यक्ष प्रभावित बनेका छन् । स्थानीयवासीसहित मर्दी पदयात्रामा जाने केही पर्यटकले समेत बाटोका कारण दुःख पाएको बताइन्छ । वडाध्यक्ष क्षेत्रीले पदयात्रा पर्यटनको अहिले 'अफसिजन' रहेकाले पर्यटक आगमन न्यून रहेको बताउनुभयो । पर्यटकलाई दुःख नहोस् भनेर सैँतीघट्ट हुँदै जाने/आउने व्यवस्था गरिएको र सोहीअनुसार सूचना गरिएको उहाँले जानकारी दिनुभयो । सो स्थानमा यसअघि पनि पहिराले दुःख दिने गरेको थियो । आर्थिक वर्ष २०७८/७९ मा रु १० लाख लागतमा पहिरो नियन्त्रणको काम गरिए पनि यस वर्षको पहिराले क्षति पुर्‍याएको बताइन्छ ।

# पुष्पलाल मध्यपहाडी राजमार्ग आयोजना पिडित संर्घष समितिद्धारा गण्डकी प्रदेशका मुख्यमन्त्री समक्ष ज्ञापन पत्र पेश

**पोखरापत्र संवाददाता**
पोखरा, १७ भदौं



पुष्पलाल मध्यपहाडी राजमार्गको पोखरा १६/१९को रेखांकन परिवर्तन गर्न माग राखी आन्दोलन गरिरहेको पुष्पलाल मध्यपहाडी राजमार्ग आयोजना पिडित संर्घष समितिले गण्डकी प्रदेशका मुखयमन्त्री सुरेन्द्र पाण्डे समक्ष ज्ञापन पत्र पेश गरेको छ ।

पटक पटक आन्दोलन गर्दा पनि आफ्ना मागमा सुनुवाई नभएको भन्दै मुख्यमन्त्रीको ध्यानाकर्षण गरिएको समितिका अध्यक्ष गोविन्द वहादुर वस्नेतले जानकारी दिनुभयो ।ज्ञापनपत्र वुझ्दै मुख्यमन्त्री पाण्डेले पिडितका मागप्रति आफु सकारात्मक रहेको वताउँदै, मागका विषयमा केन्द्र सरकारसँग कुरा राख्ने वताउनु भयो । उहाँले प्रदेश सरकारले यस विषयमा निर्णय गर्न नमिल्ने स्पष्ट पार्दै, जनतालाई समस्या पार्ने गरी कुनै काम गर्न नहुने वताउनु भयो । ज्ञापनपत्र वुझाँउदै समितिका अध्यक्ष वस्नेतले सोही रेखाङ्कन अनुरुप काम शुरु भएमा पोखरा १६ र १९का करिव ३ सय घरधुरी उठिवास लाग्ने, प्राकृतिक गुफाको रुपमा विश्वभर परिचित महेन्द्र र चमेरे गुफा संकटमा पर्ने तथा सरकारी र निजी विद्यालय नै मासिने स्पष्ट पार्नुभयो । ज्ञापनपत्रमा पोखरा १६/१९को गलत रेखांकन हटाउने काम गरी विकल्पको व्यवस्थापन तर्फ लगिएमा लामो समय देखि अनाहकमा मानसिक पिडा खेप्दै सर्घषरत स्थानिय पिडितहरुले न्याय पाउने र पिडा मुक्त हुने तथा यो क्षेत्रका विविध राष्टिय समपदाको दिगो संरक्षणको सुनिश्चीतता हुने भनिएको छ । पिडितहरुले यसअघि वडा कार्यालय घेराउ तथा तालावन्दी, महानगर घेराउ लगायतका विभिन्न कार्यक्रम सम्पन्न गरेका थिए ।

# शुक्ला साहित्य प्रतिष्ठानले गर्ने कृष्ण भजनको तयारी अन्तिम चरणमा

**पोखरापत्र संवाददाता**
पोखरा, १७ भदौं

पोखराको वाटुलेचौरमा रहेको शुक्ला साहित्य प्रतिष्ठानले श्रीकृष्ण जन्माष्टमीको अवसरमा आयोजना गर्ने खुल्ला कृष्ण भजन प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको छ ।

विगत २४ वर्षदेखि निरन्तर रुपमा गर्दै आएको प्रतियोगिता गत ३ वर्ष कोभिड महामारीका कारण रोकिएकोमा यस वर्षदेखि पुन संचालन गर्न लागिएको प्रतियोगिताको तयारी आन्तरिक वाहेक सवै अन्तिम चरणमा पुगेको प्रतिष्ठानका अध्यक्ष हरि वरुवालले जानकारी दिनुभयो । यही भाद्र २० गते स्थानिय वाटुलेचौर मैदानमा आयोजना गरिने प्रतियोगितालाई भव्य र व्यवस्थित वनाउन कुनै कसर वाकी नराखिएको संयोजक दुर्गादेवी वस्नेतले वताउनुभयो । उहाँका अनुसार प्रतियोगिताका लागी गठित विभिन्न उपसमितिले आ आफना जिम्माका कामलाई तिव्रता दिएका छन् । प्रतियोगिताका लागी आर्थिक संकलनको कार्य तिव्र पारिनुका साथै विभिन्न व्यवसायिक घराना तथा संघ संस्थाले धार्मिक संस्कृति जर्गेनाका लागी सहयोग गरेको आर्थिक उपसमितिका संयोजक कुल व. खत्रीलेवताउनुभयो।प्रतियोगितामा सहभागिताको आव्हान सहित पोखराका विभिन्न वडाहरुमा पुगी घरदैलो अभियानलाई पनि तिव्र पारिएको प्रतिष्ठानका सहसचिव एवं प्रचार प्रसार उपसमितिका संयोजक संजय थापाले जानकारी दिनुभयो । प्रतियोगितामा कास्की, स्याङ्जा, पर्वत, तनहुँ, पाल्पा लगायतका जिल्लावाट पनि भजन टोली सहभागी हुने वताईएको छ। हालसम्म विभिन्न जिल्लाका १२ टोलीले सहभागिताको लागी नाम दर्ता गरेको प्रतिष्ठानले जनाएको छ । प्रतियोगितामा प्रथम हुने टोलिले नगद १ लाख, दितियले ७५ हजार, तृतियले ५० हजार, सान्त्वना हुने टोलीलाई २५ हजार र सहभागी टिमलाई प्रोत्साहन स्वरुप नगद ५ हजार प्रदान गरिने सचिव दिपेन्द्र वाँनियाले जानकारी दिनुभयो ।

व्यवस्थित रुपमा सम्पन्न गर्न प्रतिष्ठानका वरिष्ठ उपाध्यक्ष दुर्गादेवी वस्नेतको संयोजकत्वमा मुल आयोजक समिति, अध्यक्ष हरि वहादुर वरुवालको अध्यक्षतामा कार्य सम्पादन समिति र विभिन्न १० वटा उपसमिति गठन गरिएको छ । भगवान श्रीकृष्णको महिमा र लोप हुने अवस्थामा पुगेको भजन संस्कृतिलाई वचाई राख्ने उद्देश्यले प्रतियोगितालाई निरन्तरता दिईएको संयोजक वस्नेतले वताउनुभयो।प्रतियोगिता सम्पन्न गर्न करिव १३ लाख २५ हजार रुपैयाँ खर्च लाग्ने वताईएको छ। सो रकमका लागी विभिन्न संघ संस्थासँग समन्वय गरिएको छ । वि.सं २०४५ सालमा जनकवि केशरी धर्मराज थापाको नेतृत्वमा स्थापना भएको प्रतिष्ठानले पोखरामा साहित्य, कला र संस्कृतिका क्षेत्रमा काम गर्दै आईरहेको छ ।

# सहीदपार्कमा अक्षरयात्राको २०२ औँ शृङ्खला

**पोखरापत्र संवाददाता**
पोखरा, १७ भदौं

गजल सन्ध्या, पोखरा नेपाल र नवनित साहित्य सागरको संयुक्त आयोजनामा हरेक महिनाको तेस्रो शनिबार सञ्चालन हुने ' अक्षरयात्रा' को २०२औँ शृङ्खला पोखराको सहिदचोकस्थित पार्कमा आज सम्पन्न भएको छ ।

'जीवन र जगत्को यथार्थबोधका लागि अक्षरयात्रा' भन्ने मूलनाराका साथ विभिन्न स्थानमा पुगेर सो स्थान एवम् परिवेशलाई साहित्यकारहरू आ-आफ्ना रचनामा अधिकांश विषय सहीदको सम्झना, उनीहरूको बलिदानी एवम् समसामयिक विषयलाई उतार्न केन्द्रित थिए । कार्यक्रममा लक्ष्मण थापा, सुरज उपाध्याय, सञ्जीव पौडेल, प्राञ्जल, लाल कार्की 'अञ्जान', श्रीराम अधिकारी 'गोर्जे', रामजीप्रसाद आचार्य, माधव खतिवडा, विष्णु सुवेदी, लक्ष्मी देवकोटा, ढाकामोहन बराल, भावना रानाभाट, सङ्केत आचार्यलगायत कवि तथा कवियत्रीले आ-आफ्ना रचना वाचन गर्नुभएको थियो ।

साहित्यको विकासमा महत्वपूर्ण योगदान गर्दै आएको अक्षरयात्रा विसं २०६२ देखि निरन्तर सञ्चालित छ । गजल सन्ध्या पोखरा, नेपालका उपाध्यक्ष सुरज उपाध्यायको अध्यक्षतामा भएको उक्त कार्यक्रम सोही संस्थाका संस्थाका सदस्य माधव खतिवडाले सञ्चालन गर्नुभएको थियो ।

# द्विपक्षीय ...

सम्बन्धलाई थप बलियो बनाउनु आफ्नो भ्रमणको उद्देश्य रहेको उल्लेख गर्नुभयो ।

सिनेटर होलेनले नेपाल र अमेरिकाबीचको कूटनीतिक सम्बन्धको ७६औँ वर्षका अवसरमा दुई देशबीचको सम्बन्ध थप वृहत र सुमधुर बनाउने तथा जनस्तरको सम्बन्ध विस्तार गर्ने उद्देश्यले नेपाल भ्रमण गरेको उल्लेख गर्नुभयो । यसअघि सन् १९८० मा आफूले नेपालको भ्रमण गरेको स्मरण गर्दै उहाँले त्यस अवधिमा नेपालमा धेरै परिवर्तन र उपलब्धि भएको आफूले पाएको सुनाउनुभयो । सिनेटर होलेनले अमेरिका र नेपालबीचको राजनीतिक, आर्थिक र व्यावसायिक सम्बन्धलाई थप मजबुत बनाउन विभिन्न व्यक्तित्वसँग भेटवार्ता गरेको उल्लेख गर्दै भ्रमण निकै राम्रो र फलदायी भएको बताउनुभयो ।

नेपालको कलिलो र जीवन्त लोकतन्त्र निकै महत्वपूर्ण भएको बताउँदै उहाँले अमेरिकाले नेपालको लोकतन्त्र सुदृढिकरणमा सदैव साझेदारी गर्दै आएको चर्चा गर्नुभयो । नेपाल भ्रमणपछि सिनेटर होलेनले श्रीलङ्का र माल्दिभ्सको भ्रमण गर्नुहुने बताइएको छ । आफ्नो भ्रमणका क्रममा उहाँले ती राष्ट्रहरूसँग पनि द्विपक्षीय सम्बन्धलाई थप बलियो बनाउन विभिन्न व्यक्तित्वसँग भेटवार्ता गर्नुहुनेछ ।

# कोशी प्रदेशको विवाद पूर्ण इजलासमा सुनवाइ हुने

**रासस**
काठमाडौं, १७ भदौं

सर्वोच्च अदालतमा कोशी प्रदेशका मुख्यमन्त्री उद्धव थापाले प्राप्त गरेको विश्वासको मतसम्बन्धी विवाद पूर्ण इजलासमा सुनुवाइ हुने भएको छ ।

न्यायाधीशद्वय सपना प्रधानमल्ल र सुस्मलता माथेमाको संयुक्त इजलासले आज उक्त विवाद पूर्ण इजलासमा सोमबार नै पेस गरी सुनुवाइ गर्न आदेश दिएपछि थप सुनुवाइ हुने भएको हो । आदेशमा भनिएको छ, "प्रस्तुत मुद्दामा जटिल कानुनी प्रश्न समावेश भएको देखिएको र त्यसको निराकरण पूर्ण इजलासबाट हुन उपयुक्त देखिएकाले सर्वोच्च अदालत नियमावली २०७४ को नियम २३ (२) (ग) बमोजिम मिति २०८०/०५/१८ गते पूर्ण इजलासमा पेस हुनेगरी पेसी तोकी नियामुअनुसार पेस गर्नु ।" न्यायाधीश ईश्वरप्रसाद खतिवडाको एकल इजलासले यही भदौ ७ गते कोशी प्रदेशका मुख्यमन्त्री थापाले प्राप्त गरेको विश्वासको मत नेपालको संविधान, संसदीय अभ्यास, संवैधानिक नैतिकता र अदालतबाट प्रतिपादित सिद्धान्त प्रतिकूल रहेको उल्लेख गर्दै अन्तरिम आदेश गरेको थियो । मुख्यमन्त्री थापाले यही भदौ ४ गते लिएको विश्वासको मत असंवैधानिक भएको उल्लेख गर्दै नेकपा (एमाले) का कोशी प्रदेश संसदीय दलका नेता हिक्मतकुमार कार्कीले रिट निवेदन दायर गर्नुभएको थियो ।


# पृथ्वीनारायण ...

संजिव जिाटी, मुक्तिध्वज सूर्यकुमारी जोशी जेहेन्दार शिक्षा पुरस्कार विनिता बराल, बालगोपाल/भागिरथी अमात्य छात्रवृत्ति कोष पुरस्कार, एमएडका संदिप बस्याल र क्षितिज थापा र एमतर्फ मंदिप श्रेष्ठ र समिरा बाटाजुलाई प्रदान गरिएको छ ।

यस्तै कृष्ण भारती छात्रवृत्ति कोष पुरस्कार स्नातक तहमा अध्ययनरत आयुष भट्टराई र टिकाकुमारी क्षेत्री, स्नातकोत्तर तहतर्फ बिमल पराजुली र अनिषा रिमाल र डिल्लु प्रसाद सापकोटा स्मृति पुरस्कारबाट मानविकी स्नातकोत्तर तर्फ विशाल रेग्मी र मिलनकुमारी नेपालीलाई प्रदान गरिएको थियो ।


शुभारम्भ ! शुभारम्भ !! शुभारम्भ !!!
सक्सेस आयुर्वेद फार्मेसी तथा मिसन आयुर्वेद स्वास्थ्य क्लिनिक
यहि २०८० भदौं १६,१७ र १८ गते हुने
शुभारम्भ कार्यक्रममा यहाँहरु सम्पूर्णलाई हार्दिक निमन्त्रणा
काठमाडौंका वरिष्ठ डाक्टर सहितको टिमद्धारा स्वास्थ्य परीक्षण गरिन्छ ।
शुभारम्भको अवसरमा
१, निःशुल्क चेकअप, ओपिडी टिकट फ्रि ।
२, क्षारसुत्र अपरेशनमा ३०% सम्म छुट ।
३, ल्याब परीक्षणमा २०% छुट ।
४, औषधीमा १०% छुट ।
सम्पर्क: ९८५६०३८२०६, ४८२५१५३४६३
पोखरा-१०, बुद्धचोक



कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१– ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ ।
- विदुरनीति

## सम्पादकीय

# शुल्क वृद्धि फिर्ता

त्रिभुवन विश्वविद्यालयले इन्जिनियरिङ संस्थानमा बढाएको शुल्क फिर्ता लिएको छाशुल्क वृद्धिको विरोधमा अनेरास्ववियु आन्दोलनमा थियो । विद्यार्थीको आन्दोलनले त्रिभुवन विश्वविद्यालय आफ्नो निर्णय फिर्ता लिन बाध्य भएको छ । इन्जिनियरिङ अध्ययन संस्थानमा शुल्क वृद्धिको विरोधमा आन्दोलनरत विद्यार्थी र त्रिभुवन विश्वविद्यालय सम्बद्ध पदाधिकारीहरुबीच ४ बुँदे सहमति भएको छ । दुईपक्षबीच आइतबार ४ बुँदे सहमति भएको छ । त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्राध्यापक डाक्टर धर्मकान्त बाँस्कोटा, शिक्षाध्यक्ष, रजिस्टार र इन्जिनियरिङ संस्थानका सहायक डिनले आन्दोलनरत अनेरास्ववियुका प्रतिनिधिसंग सहमति गरेका छन ।

त्रिविसँग भएको सहमतिहरुमा संस्थानले हाल वृद्धि गरेको शुल्क फिर्ता लिने छाइन्जिनियरिङ विषय अध्ययन गर्न सबै क्षेत्रको पहुँच विस्तार हुनेगरी कर्णाली र मधेश प्रदेशमा श्रोत साधन सम्पन्न क्याम्पसहरु स्थापना गर्न प्रक्रिया अघि बढाउने सहमति छ । देशका सबै प्रदेशमा श्रोत साधन सम्पन्न इन्जिनियरिङ क्याम्पस स्थापना गर्न सरकारलाई झकझक्याउने काम अनेरास्ववियुले गरेको छ । राज्यले प्राविधिक शिक्षामा लगानी बढाउँदै योग्य जनशक्ति उत्पादन गर्नु अहिलेको आवश्यकता हो । सरकारले प्राविधिक शिक्षामा लगानी नबढाएका कारण इन्जिनियरिङ अध्ययन संस्थान अघि बढ्न सक्ने अवस्था देखिदैन ।इन्जिनियरिङ अध्ययन संस्थानको विद्यमान आर्थिक संकटलाई समाधान गर्न इन्जिनियरिङ अध्ययन संस्थानभित्र सर्वपक्षीय समिति बनाई विभिन्न विकल्पमा छलफल गरी समाधान गर्ने सहमति राज्यलाई प्राविधिक शिक्षामा लगानी बढाउन दबाब दिने महत्त्वपूर्ण पाटो हो ।

विद्यार्थी संगठनले माग मात्र नराखी त्रिविको खस्केको आर्थिक अवस्था सुधार्न सकिने उपाय खोज्न तयार छन भन्ने सन्देश हो । स्वतन्त्र विद्यार्थी युनियन पुल्चोक क्याम्पस र अनेरास्ववियुले आयोजना गरेका सबैखाले आन्दोलनका कार्यक्रमहरु आइतबारदेखि फिर्ता लिने सहमति गरेका छन । चार बुँदे सहमतिसँगै आन्दोलनका सम्पूर्ण कार्यक्रम स्थगित गरिएको र सोमवारदेखि क्याम्पसमा पठनपाठन सुरु हुने पुल्चोक इन्जिनियरिङ क्याम्पसका स्ववियु सभापति विराज अर्यालले जानकारी दिएका छन् । संस्थानका विद्यार्थीहरु केही हप्ता अघिदेखि शुल्क वृद्धिको विरोधमा आन्दोलनरत रहेका थिए । आन्दोलन त्रिभुवन विश्वविद्यालय लक्षित देखिए पनि सरकारलाई शिक्षामा लगानी बढाउन दबाब हो ।

सहमतिमा त्रिविका उपकुलपति प्रा.डा. धर्मकान्त बास्कोटा, शिक्षाध्यक्ष प्रा. डा. शिवलाल भुसाल, रिजष्ट्रार प्रा. डा. पेशल दाहाल र आईओईका सहायक डीन प्रा.डा. शुशिलबहादुर बज्राचार्य र अनेरास्ववियुको कावा अध्यक्ष नारायण घर्तीलगायतले हस्ताक्षर गरेका छन् । सहमति पालना गर्न त्रिभुवन विश्वविद्यालय ईमान्दार हुनुपर्छ । सहमति गर्नेछ अनेरास्ववियु पनि प्राविधिक शिक्षामा लगानी बढाउँदै उच्च शिक्षा सर्वसुलभ र निशुल्क बनाउन माउ पार्टी लगायत सरकारलाई दबाबमूलक कार्यक्रम चलाउनु जरुरी छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : मन चञ्चल |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : झमेला बढ्ने | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : कार्यमा सफलता | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# संरक्षणको पर्खाइमा घोडेपानीको सङ्ग्रहालय

**पोखरापत्र संवाददाता**
म्याग्दी, १७ भदौं

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ घोडेपानीस्थित सङ्ग्रहालय संरक्षणको पर्खाइमा छ । दुई दशक अघि स्थापना भएको उक्त सङ्ग्रहालयको भवन साँघुरो र जीर्ण छ । घोडेपानी पुनहिल आमा समूहले पर्यटक आकर्षित गर्ने उद्देश्यले २०६० सालमा कच्ची भवनमा स्थानीय सामग्री सङ्कलन गरेर सङ्ग्रहालय स्थापना गरेका थिए ।

ग्रामीण जीवनशैली, संस्कृति बुझ्ने र हेर्नका लागि आँखिझ्यालको रुपमा रहेको उक्त सङ्ग्रहालयको भवन पुरानो भएकाले नियमित सञ्चालन गर्न नसकिएको समूहका अध्यक्ष तारा गर्बुजा पुनले बताउनुभयो । "पुरानो र साँघुरो भवनमा रहेका सामानलाई जोगाउनै समस्या छ," उहाँले भन्नुभयो "व्यवस्थित भवन बनाएर सामानलाई प्रदर्शन गर्न सके पर्यटकलाई देखाउन सकिन्थ्यो ।" ठाउँ अभावमा केही वर्षयता पर्यटकलाई सामग्री देखाउन नपाएको अध्यक्ष पुनले बताउनुभयो । सङ्ग्रहालयमा म्याग्दीमा बसोबास गर्ने विभिन्न जातजातीले प्रयोग गर्ने मौलिक कपडा, भाँडाकुडा, कृषि औजार, पुराना पुराना सिक्का, रुपैयाँ, मदानी, ठेकी, मदिरा उत्पादन गर्ने भाँडा लगायतका सामग्री सङ्कलन गरेर राखिएको छ । ग्रामीण शैलीको मौलिकता झल्कने नयाँ भवनको आवश्यकता रहेको समूहका सदस्य सपना गुरुङले बताउनुभयो । "ढुङ्गा, माटो र काठले बनेको, जस्तापाताले छाएको भवनमा एक सय वर्षभन्दा पुराना सामग्री सङ्कलन गरिएको छ," उहाँले भन्नुभयो "नयाँ मौलिक भवन बनाएर सामग्रीलाई सजाएर राख्न सके आकर्षक हुने थियो ।" सङ्ग्रहालयमा विभिन्न जातजातीको मौलिक पहिचान झल्कने कपडा राख्ने र पर्यटकलाई मौलिक पोसाकमा सजिएर तस्बिर, भिडियो खिच्न भाडामा दिने व्यवस्था मिलाउन सकेमा आम्दानीको स्रोत बन्ने घोडेपानी होटल व्यवस्थापन उपसमितिका अध्यक्ष मीना पुनले बताउनुभयो । गतवर्ष २५ हजारजना भन्दा बढी विदेशी पर्यटक भित्रिएको घोडेपानीमा पछिल्लो समय स्वदेशी पर्यटक पनि विदेशीकै हाराहारीमा आउने गरेका छन् ।

व्यवस्थित नहुँदा पाहुना र पर्यटकलाई सङ्ग्रहालय देखाउन नसकिएको आमा समूहका सदस्यहरुले बताएका छन् । अन्नपूर्ण चक्रीय पदमार्ग अन्तरगत समुद्रि सतहदेखि दुई हजार आठ सय मिटरको उचाइमा रहेको घोडेपानीको पृष्ठभूमिमा गुरासँको जङ्गल र हिमशृङ्खलाको दृष्य अवलोकन गर्न सकिन्छ । समुद्रि सतहदेखि तीन हजार दुई सय १० मिटर उचाइमा रहेको विश्वप्रसिद्ध पुनहिल भ्रमण गर्न आउने पर्यटक घोडेपानीमा बास बस्ने गर्दछन् ।

आमा समूहले गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री रेशमबहादुर जुग्जाली र प्रदेश सांसद हरिबहादुर भण्डारीसँग संग्रहालय भवनको पुनःनिर्माणका लागि प्रस्ताव गरेका छन् । उहाँले घोडेपानीमा गण्डकी प्रदेशकै नमुना सङ्ग्रहालय बनाउन भवन पुनःनिर्माणका लागि बजेट व्यवस्थापन गर्न समन्वय र पहल गर्ने प्रतिबद्धता जनाउनुभयो ।

# नेपालले भारतलाई हराए सुपर फोरमा पुग्ने

**रासस**
काठमाडौं, १७ भदौं

एसिया कप क्रिकेट प्रतियोगिताअन्तर्गत नेपाल र भारतबीचको विजेता टोली सुपर फोरमा पुग्नेछ ।

श्रीलङ्काको पालेकेले इन्टर नेसनल क्रिकेट रङ्गशालामा भोलि हुने समूह 'ए' अन्तर्गतको खेलमा नेपाल र भारतबीचको विजेता टोली एसिया कपको सुपर फोरमा पुग्ने दोस्रो टोलीको टुङ्गो लाग्नेछ । समूह 'ए' मा रहेको पाकिस्तान भने सुपर फोरमा पुगिसकेको छ ।

नेपाल र भारत पहिलो पटक सिनियर टोलीमा आमनेसामने हुन लागेका हुन् । अन्तर्राष्ट्रिय क्रिकेट खेल्न लागेको करिब २७ वर्षपछि नेपालले भारतसँग पहिलो पटक खेल्ने मौका पाएको हो । त्यस्तै एसिया कपमा नेपालको यो पहिलो सहभागिता पनि हो । नेपालले सन् २०१७ मा भने भारतको यू-१९ टोलीसँग खेलेको थियो । मलेसियामा भएको उक्त यू-१९ एसिया कप क्रिकेटमा नेपालले भारतलाई १९ रनले पराजित गर्दै ऐतिहासिक नतिजा हात पारेको थियो । अब नेपालले सिनियर टोलीमा पहिलोपटक भारतसँग खेल्दै नयाँ इतिहास कायम गर्नेछ । समूह 'ए' मा रहेका नेपाल र भारतले समान एक-एक खेलका छन् । जसमा नेपाल पाकिस्तानसँग पराजित भएको थियो भने भारतले पाकिस्तानसँग अङ्क बाँडेको थियो । वर्षाका कारण भारत र पाकिस्तानबीचको खेल रद्द भएपछि दुवै टोलीले समान एक-एक अङ्क बाँडेका हुन् ।

समूह 'ए' मा पाकिस्तान शीर्ष स्थानमा छ । त्यस्तै भारत दोस्रो स्थानमा रहँदा नेपाल तेस्रो स्थानमा छ । पाकिस्तान दुई खेलमा एकमा जित र एकमा अङ्क बाँड्दै तीन अङ्कका साथ सुपर फोरमा पुगिसकेको हो । भारतको एक खेलमा एक अङ्क छ । एक खेल खेलेको नेपाल अङ्कविहीन छ । नेपाल पहिलो खेलमा पाकिस्तानसँग दुई सय ३८ रनले फराकिलो अन्तरले पराजित भएको थियो ।

समूह चरणको अन्तिम खेलमा नेपाल विजयी भएमा एसिया कपको सुपर फोरमा पुग्नेछ । अन्यथा नेपाल प्रतियोगिताबाट बाहिरिनेछ । समूह 'बी'मा अफगानिस्तान, बङ्गलादेश र श्रीलङ्का छन् । हरेक समूहका शीर्ष दुई टोली सुपर फोरमा स्थान बनाउनेछन् । सुपर फोरबाट शीर्ष दुई टोली फाइनलमा पुग्नेछन् । नेपाली टोलीमा कप्तान रोहितकुमार पौडेलसहित आशिफ शेख, कुशल भुर्तेल, सन्दीप लामिछाने, ललितनारायण राजवंशी, भीम सार्की, कुशल मल्ल, दीपेन्द्र सिंह ऐरी, करण केसी, गुल्शन झा, आरिफ शेख, सोमपाल कामी, अर्जुन साउद, प्रतिश जिसी, किशोर महतो, सन्दीप जोरा र श्याम ढकाल रहेका छन् ।


## विमालेख हरायो

हिमालयन लाइफ इन्स्योरेन्स क.लि. बाट जारी गरिएका निम्न लिखित नं. का विमा लेखहरु हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा बुझाईदिनुहुन अनुरोध गर्दछु ।

| नाम | विमालेख नंबर |
|---|---|
| सजना सिल्वाल | GLI 0610014502 |
| | GLI 0610014605 |

सम्पर्क
**हिमालयन लाइफ इन्स्योरेन्स लि.**
प्रादेशिक कार्यालय, पोखरा, ०६१[illegible]


# बाल कल्याण संघ पत्रकारिता पुरस्कारबाट युनिश गुरुङ पुरस्कृत

**पोखरापत्र संवाददाता**
पोखरा, १७ भदौं



एक दशकभन्दा बढी समयदेखि क्रियाशील फोटो पत्रकार युवराज गुरुङ 'युनिश' बालकल्याण संघ पत्रकारिता पुरस्कार २०८० बाट पुरस्कृत भएका छन् ।

बाल कल्याण संघ कास्कीले बालबालिकाको क्षेत्रमा पत्रकारिता गर्दै आएका पत्रकारलाई उक्त पुरस्कार दिँदै आएको छ । संघको २३ औं साधारणसभा तथा ७ औं अधिवेशनको अवसरमा फोटोपत्रकार गुरुङलाई सम्मान गरिएको हो । उनलाई गण्डकी प्रदेश सांसद प्रकाश बराललले दोसल्ला, सम्मानपत्रसहित ७ हजार ५ सय रुपैयाँले सम्मान गरेका हुन् । सन् २०१२ देखि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मिडियामा फोटो पत्रकारिता गर्दै आएका पत्रकार गुरुङ हाल समाधान राष्ट्रिय दैनिकमा आवद्ध छन् । उनी यसअघि जक्सन डटकम, नेपालखबर, अनलाइनखबरमापनि लामो समय फोटो पत्रकारिता गरिसकेका छन् । हाल उनी एसोसिएट प्रेस (एपी) लगायत अन्तर्राष्ट्रिय मिडियामा पनि आवद्ध छन् । यसअघि उक्त पुरस्कारबाट नारायण शाही घनश्याम पाण्डे, प्रकाश ढकाल कृष्ण दवाडीलगायत सम्मानित भइसकेका छन् ।

# इम्ब्रोइडरी एण्ड गार्मेन्ट एशोसिएसन (एगा) को २० औ साधारणसभा

**पोखरापत्र संवाददाता**
पोखरा, १७ भदौं




इम्ब्रोइडरी एण्ड गार्मेन्ट एशोसिएसन(एगा) पोखराको २० औं वार्षिक साधारणसभा एक कार्यक्रमका बीच सम्पन्न भएको छ ।

साधारणसभाको उद्घाटन गर्दै पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले इम्ब्रोइडरी एण्ड गार्मेन्ट्स एशोसिएसन(एगा)ले पर्यटकलाई उपहार लैजानका लागि नेपालको चिनारी झल्काउने किसिमका समानहरू तयार गरी ठूलो योगदान गरेको बताउनुभयो । कोरोना महामारीसँगै आर्थिक मन्दी लगायतका कारण प्रभावित बनेको पर्यटन क्षेत्रको पुर्नरुत्थानमा राज्यको सहयोग आवश्यक भएको बताउँदै उहाँले पर्यटन व्यवसायीका समस्याहरू सुनुवाई हुन नसकेको बताउनुभयो । बन्दै गरेको पञ्चवर्षीय योजनामा पर्यटन क्षेत्रका विषयहरू समेटिनुपर्ने उहाँको भनाइ छ ।

भारतीय नोट नचल्दा भारतीय पर्यटक समस्यामा परेको बताउँदै उहाँले यसले भारतीय पर्यटकको आगमनलाई प्रभावित बनाएको बताउनुभयो । निर्माणाधिन पोखरा मुग्लीन सडक खण्डको ढिलासुस्तीले पोखराको पर्यटन प्रत्यक्ष प्रभावित भएको भन्दै उहाँले निर्माण कार्यलाई छिटो गराउन सबैको जागरुकता आवश्यक भएको उहाँले बताउनुभयो । एगा पोखराका अध्यक्ष इन्द्रप्रसाद भण्डारीले पर्यटकलाई उपहारका सामाग्री तयार गरी पठाउँदा यसले नेपाललाई विश्वमाझ चिनाउन महत्वपूर्ण योगदान पुर्‍याएको बताउनुभयो । नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका निमित्त प्रमुख नविन पोखरेलले पर्यटन क्षेत्रको विकासका लागि हामीसँग यकिन तथ्यांक हुनु जरुरी रहेको धारणा राख्नुभयो । एगा पोखराका पूर्व अध्यक्ष एवम् पोखरा पर्यटन परिषद्का पूर्व अध्यक्ष चिरञ्जिवी पोखरेलले कोरोना, आर्थिक मन्दी लगायतका कारणबाट पर्यटन व्यवसायीहरू संकटमा परेको बताउनुभयो । व्यापारका लागि सटरहरू महंगो र उनीहरूले नै कर तिर्नुपर्ने लगायतका अवस्थाका साथै बैंक तथा वित्तीय संस्थाको ब्याजदर लगायतका कारणले व्यवसाय धान्न नै मुस्किल पर्ने गरेको उहाँले बताउनुभयो ।

कोरला नाका सञ्चालनको कुरा पनि चलेको बताउँदै उहाँले प्रधानमन्त्रीको चीन भ्रमणका क्रममा यो विषय टुङ्गोमा पुगे यसले समग्र गण्डकी प्रदेशको उन्नतिमा महत्वपूर्ण प्रभाव पार्ने बताउनुभयो । नेपाल पत्रकार महासंघ कास्कीका उपाध्यक्ष जमुना वर्षा शर्माले नेपालको पर्यटकीय चिनारी दिने किसिमका समानबाट विश्वमाझ यहाँको प्रवर्द्धनमा एगाले महत्वपूर्ण योगदान पुर्‍याएको धारणा राख्नुभयो । साधारणसभाका अवसरमा विभिन्न व्यक्तिलाई सम्मान गरिएको छ । पत्रकारिताका माध्यमबाट पर्यटन क्षेत्रको विकासमा योगदान पुर्‍याएको भन्दै राष्ट्रिय समाचार समितिका गण्डकी प्रदेश प्रमुख वासुदेव पौडेललाई सम्मान गरिएको छ । त्यस्तै संस्थाले आयोजना गरेका विभिन्न कार्यक्रममा संयोजन गर्ने व्यक्तिहरू बनभोजतर्फ उपाध्यक्ष गोकर्ण लम्साल, सामाजिक उत्तरदायित्वतर्फ कार्यसमिति सदस्य नारायण पाण्डे, प्रवर्द्धनात्मक अवलोकन भ्रमणतर्फ अध्यक्ष इन्द्रप्रसाद भण्डारीलाई सम्मान गरिएको थियो । त्यस्तै नयाँ सदस्यका रुपमा बाराही ड्रेश सपका भवनाथ सापकोटा, गोरखा हेण्डीक्राफ्टका कल्पना सापकोटा र केसी इम्ब्रोइडरी सपका अमृत केसीलाई सम्मान गरिएको थियो भने यस वर्षको उत्कृष्ट पसल सजावटमा फेमस ड्रेशसपका हरिप्रसाद गौतमलाई सम्मान गरियो ।

एगा पोखराका अध्यक्ष इन्द्रप्रसाद भण्डारीको अध्यक्षता एवम् सचिव गीता ढकाल पौडेलले सञ्चालन गर्नुभएको कार्यक्रममा स्वागत उपाध्यक्ष गोकर्ण लम्सालले गर्नुभएको थियो । कार्यक्रममा होटेल संघ पोखराका अध्यक्ष लक्ष्मण सुवेदी, रासस गण्डकी प्रदेश प्रमुख वासुदेव पौडेल लगायतले बोल्नुभएको थियो ।

# सयपत्री फूलको व्यावसायिक खेती

**पोखरापत्र संवाददाता**
तनहुँ, १७ भदौं

म्याग्दे र आँबुखैरेनी गाउँपालिकाले व्यावसायिकरुपमा सयपत्री फूल खेती सुरु गरेका छन् ।

विदेशबाट आयत हुने पुष्पलाई प्रतिस्थापन गरी गाउँपीलकालाई फूलमा आत्मिनर्भर बनाउन पुष्पखेतीलाई प्रवर्द्धन गरिएको हो । आँबुखैरेनी-१ प्रसिद्ध धार्मिकस्थल आँधीमूल क्षेत्रमा बीस हजार बढी सयपत्री फूलका बिरुवा रोपिएका छन् । 'अध्यक्षसँग कृषि विकास कार्यक्रम' अन्तर्गत स्थानीय आमा समूहमार्फत फूलका बिरुवा रोपिएको हो । आमा समूहलाई उत्पादनमूलक समूहमा परिणत गर्ने अभियानअन्तर्गत व्यावसायिक फूल खेती सुरु गरेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद शर्माले जानकारी दिनुभयो ।

विदेशबाट आएको पुष्प आयतलाई प्रतिस्थापन गरी गाउँपीलकालाई पुष्पमा आत्मिनभर बनाउन यस किसिमको कदम चालेको उहाँले बताउनुभयो । त्यसैगरी म्याग्देमा ७५ प्रतिशत अनुदान सहयोगमा म्याग्दे-५ मालेबगरका सुमन पौडेलले चार हजार सयपत्री फूलका बिरुवा लगाउनुभएको छ । पुष्पखेती विकास कार्यक्रमअन्तरगत गाउँपालिकाले सयपत्री फूलखेती गर्ने किसानलाई अनुदान दिएको गाउँपालिकाका उपाध्यक्ष बालकृष्ण घिमिरेले बताउनुभयो । फूलमा देश आत्मनिर्भर हुन नसक्दा बर्सेनि छिमेकी देशसँग निर्भर भइरहेको अवस्थामा त्यसलाई अन्त्य गर्न केही वर्षयता यहाँका किसान पुष्पखेती तर्फ आकर्षित हुँदै आएका छन् ।

सानो लगानीमा राम्रो आम्दानी गर्न मिल्ने भएपछि यहाँका किसान पुष्पखेती तर्फ आकर्षित भएको पाइन्छ । जिल्लाको शुक्लागण्डकी, भीमाद, म्याग्दे, आँबुखैरेनी, बन्दीपुर गाउँपालिकालगायतका विभिन्न स्थानमा पुष्पखेती गरिँदै आएको छ ।

# कोदोबालीमा खुम्रे कीराको समस्या

**रासस**
बागलुङ, १७ भदौं

बागलुङ नगरपालिकाको अधिकांश क्षेत्रमा लगाइएको कोदोबालीमा खुम्रे कीराको समस्या देखिएको छ। खुम्रेकीराका कारण कोदोको डाठ धमाधम सुक्न थालेपछि बागलुङ नगरपालिकाभित्रका किसान चिन्तित बनेका छन् ।

बागलुङ नगरपालिकाको सिगाना, मालिका, भान्सा, रायडाँडा र सिमलगायत क्षेत्रमा लगाइएको कोदोमा खुम्रे कीराको समस्या देखिएको बागलुङ नगरपालिकाको कृषि शाखाले जनाएको छ । कोदोको जरामा खुम्रे कीरा र डाठमा गबारो देखिएको छ भने धानखेतीमा ढुसीजन्यरोगदेखिएपछिअहिलेरोग नियन्त्रण, रोकथाम र अनुगमनको कामलाई बागलुङ नगरपालिकाले तीव्रता दिएको छ । बागलुङ नगरपालिका-८ सिगाना, वडा नं ५ मालिका, वडा नं ६ सिमलगायतका स्थानमा खुम्रे कीराको समस्या अत्यधिकरूपमा पाइएको कृषि शाखा प्रमुख सुवास सापकोटाले जानकारी दिनुभयो । सङ्क्रमण फैलिएकाले नियन्त्रणका लागि नगरपालिकाले विषादी छर्नका लागि किसानलाई विषदी प्रदान गरिरहेको छ । बागलुङ नगरपालिकाको एक दर्जन गाउँमा लगाइएको कोदो खेतीमा खुम्रे कीराको समस्या देखिएको उहाँको भनाइ छ।

"अहिले समस्या भएका किसानको बारीमै पुग्ने, रोग पत्ता लगाउने र विषादी वितरण गर्ने काम भइरहेको छ, खुम्रे कीराको समस्या देखिएको स्थानमा ५० प्रतिशत कोदोको उत्पादन घट्ने देखिएको छ", शाखा प्रमुख सापकोटाले भन्नुभयो, "अहिले बागलुङ नगरपालिकाले विपद् व्यवस्थापनबाट रु ८० हजार बजेट विनियोजन गरेर समस्याग्रस्त क्षेत्रमा विषादी वितरण गर्ने कार्य गरिरहेको छ ।" हुर्कने बेलाको कोदो मर्न थालेपछि समस्या भएको बागलुङ -८ सिगानाका किसान चित्रबहादुर कार्कीले बताउनुभयो। उहाँले कोदोमा डढेलो लागेजस्तै भएर मरेपछि वडा कार्यालय र नगरपालिकाको कृषि प्राविधिक आएर अनुगमन गरेको जानकारी दिनुभयो । बागलुङ -७ र वडा नं ११ बाट समेत खुम्रे कीराको समस्या भएको भन्दै अनुगमनका लागि कृषि शाखामा खबर आएको कृषि शाखा प्रमुख सापकोटाले बताउनुभयो । नगरपालिकाले सूचना प्रकाशन गरी खुम्रे कीराको प्रकोपको समस्या आएमा र आवश्यक रोगथामका लागि विषादी लैजानका लागि कृषि शाखामा सम्पर्क गर्न अनुरोध गरेको छ। बागलुङ -८ सिगानामा मात्रै ६० रोपनी जग्गामा लगाइएको कोदोमा खुम्रे कीरा र गबारोको समस्या र ३० रोपनी जग्गामा लगाइएको धानखेतीमा ढुसी लागेर जरा कुहिने समस्या देखिएको वडाध्यक्ष छमबहादुर कार्कीले जानकारी दिनुभयो । यस्तै वडा नं ६ को सिम, भान्सा, लङ्गाउँमा लगाएको कोदोमा खुम्रे कीरा, धानको गुबो मर्ने र सुन्तलामा सेतो ढुसीले पात नष्ट भएर किसान समस्यामा परेको वडाध्यक्ष रुद्रबहादुर केसीले जानकारी दिनुभयो। क्षतिको विवरण वडाले सङ्कलन गरिरहेको र विषादी वितरण गर्न थालिएको केसीको भनाइ छ । लगातारको वर्षाका कारण खुम्रे कीराको समस्या बढी फैलन पाएको कृषि प्राविधिकको भनाइ छ।

विषादी छर्कँदा रोग अन्य स्थानमा फैलन नदिन सहयोग पुग्नेछ। हालसम्म तीन सय रोपनी जग्गामा लगाइएको कोदोबाली खुम्रे कीराको समस्याले सखाप भइरहेको छ । खेती गर्नुपूर्व बाँझो जोत्ने काम किसानले नगर्दा खुम्रे कीरा फैलन पाएको प्राविधिकको भनाइ छ। आगमी दिनमा मकै लगाउने सिजनमा माटोमा विषादीको प्रयोग गरेर खुम्रे कीरालाई नियन्त्रण गर्ने गरी किसानलाई सेचत गराइने कृषि शााले जनाएको छ । बागलुङ नगरपालिकाका १४ वटै वडामा खुम्रे कीराको समस्याका कारण कोदोमा समस्या देखिन थालेकाले यसको उत्पादनमा गिरावट आउने देखिन्छ।

# पोखरामा रक्तदान ७२ यूनिट रगत संकलन

**पोखरापत्र संवाददाता**
पोखरा, १७ भदौं



लायन्स क्लब अफ अञ्जुली र लागुपदार्थ नियन्त्रण समाज सुधार आमा समुहद्वारा आयोजित रक्तदान कार्यक्रममा ७२ यूनिट रगत संकलन भएको छ।

खुल्ला रुपमा आयोजित सो रक्तदान कार्यक्रमको शुभारम्भ गर्दै रक्तदान अभियन्ता सराङ्गकोट बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष कृष्ण बहादुर थापाले रक्तदान मानव सेवाको महत्वपूर्ण कार्य भएको बताए।

आफुले २०५५ सालदेखि निरन्तर रक्तदान गर्दै आएको स्मरण गर्दै रत्तदानले आत्मसन्तुष्टिसंगै खुसी दिएको बताए। कार्यक्रमका रत्तसंचार केन्द्रका प्रमुख अर्जुन ज्ञवालीले प्रत्येक ३ महिनामा गरीने रक्तदानले शरीर स्वस्थ रहने हुँदा १७ बर्ष माथीका युवाले रत्तदान गर्नुपर्ने बताए । रगतको विकल्प रगतमात्र भएकाले रत्तदान सबैभन्दा पुण्यको कार्य भएको उनले बताए।

कार्यक्रमको पहिलो रक्तदाता लायन्स क्लब अफ पोखरा अन्जुलीका अध्यक्ष मिना पौडेलको सभापतित्वमा भएको कार्यक्रममा लायन्स क्लब डिष्ट्रिक ग्लोबल लिडर प्रमुख अमृत शोभा खत्री, डिष्ट्रिक ब्लड कार्यक्रम प्रमुख सन्तोष श्रेष्ठ, क्लबका पूर्व अध्यक्ष भावना थापा, सान्त्वना पराजुली, लागुपदार्थ नियन्त्रण समाज सुधार आमा समुहका अध्यक्ष एवं कार्यक्रम संयोजक कल्पना वास्तोला, सल्लाहकार विश्व मोहन गौचन, उपाध्यक्ष भगवती गुरुङ्ग, सामुदायिक सेवा केन्द्र जिल्लाका उपाध्यक्ष विष्णु सुवेदी, उपाध्यक्ष साधना थापा लगाएतले रक्तदानको महत्व माथी प्रकाश पारेका थिए।

उक्त रक्तदान कार्यक्रम सराङ्गकोट बहुउद्देश्यीय सहकारी संस्था, रेडियो सराङ्गकोट रेडियो र पोखरा महानगरपालिका वडा नं. ९ को सहकार्यमा भएको थियो।

# याङजाकोट तमु समाज पोखराको अधिवेशन सम्पन्न



**पोखरापत्र संवाददाता**
पोखरा, १७ भदौं

याङजाकोट तमू समाज पोखराको ३८औं वार्षिक साधारणसभा तथा १०औं अधिवेशन शनिबार पोखरामा सम्पन्न भएको छ।

अधिवेशनले जेमप्रसाद गुरुङो अध्यक्षतामा नयाँ कार्यसमितिको चयन गरेको छ । जसको प्रथम उपाध्यक्षमा तिलु गुरुङ, द्धितिय उपाध्यक्षमा रोशनी गुरुङ, महासचिवमा युवराज गुरुङ, सचिवमा डिलशोभा गुरुङ, कोषाध्यक्षमा आशबहादुर गुरुङ र सह-कोषाध्यक्षमा सु.मानध्वोज गुरुङलाई चयन गरेको छ। यस्तै सदस्यहरुमा क्या.श्यामबहादुर गुरुङ, सु.गम्भीरजंग गुरुङ, सु.प्रेमबहादुर गुरुङ, फारसबहादुर गुरुङ, अर्जुन गुरुङ र धनबहादुर गुरुङलाई चयन गरेको छ भने महिला सदस्यमा भीमकुमारी गुरुङ र मोती गुरुङ रहनु भएको छ। अधिवेशनको समाजका सदस्य ह.ले.मिनबहादुर गुरुङले उदघाटन गर्नुभएको थियो।

# राष्ट्रिय फुटबल टोलीको घोषणा

**रासस**
काठमाडौं, १ भदौं

नेपाली राष्ट्रिय फुटबल टोलीका मुख्य प्रशिक्षक भिन्सेन्जो एनेसले म्यानमारसँग हुने दुई मैत्रीपूर्ण फुटबल खेलका लागि आइतबार २३ सदस्यीय नेपाली टोलीको घोषणा गर्नुभएको छ।

नेपाली फुटबल टोलीले फिफा विश्वकप-२०२६ तथा एएफसी एसियन कप-२०२७ छनोटको प्रारम्भिक चरणको तयारीस्वरुप म्यानमारसँग मैत्रीपूर्ण खेल खेल्न लागेको हो । मैत्रीपूर्ण खेल यही भदौ २२ र २५ गते म्यानमारसँग म्यानरमारमै हुनेछ। छनोट हुने नेपाली टोलीको गोलरकिपरमा किरणकुमार लिम्बू, अभिषेक बराल र दिप कार्की छन्। त्यस्तै रक्षकमा सनिश श्रेष्ठ, अनन्त तामाङ, रोहित चन्द, आशिष गुरुङ, छिरिङ लामा र अञ्जन राई छन्। मिडफिल्डरमा एरिक विष्ट, सुदीप गुरुङ, लाकेन लिम्बू, आवास लामिछाने, कृतिशरत्न छुन्जु र उत्सव राई छन्।

# म्याग्दीबाट रैथाने बाली लोप हुँदै

**रासस**
म्याग्दी, १७ भदौं

आनुवांशिक स्रोत र जैविक विविधताले युक्त म्याग्दीका ग्रामीण क्षेत्रबाट विभिन्न ९७ जातका रैथाने बाली लोप हुने अवस्थामा पुगेका छन्।

करिब सात वर्षअघि यहाँका कृषकले उत्पादन गर्दै आएका रैथाने बालीका साथै जिल्लाका ग्रामीण भेगमा पाइने वनस्पति अहिले लोप हुने अवस्थामा पुगेका कृषि ज्ञान केन्द्र म्याग्दीले जनाएको छ।

स्थानीय प्राकृतिक स्रोत, ती स्रोतको उपभोग गर्ने तरिका, रैथाने बीउबिजन, उच्च पहाडी तथा हिमाली क्षेत्रमा मात्र पाइने जडीबुटी, फूल, पुतलीका प्रजाति र जीवाणुसम्मका जैविक पदार्थ चोरी हुनेक्रम बढेसँगै जिल्लाका पहिचान बोकेका रैथाने स्रोत लोप हुने अवस्थामा पुगेका केन्द्रका कृषि प्राविधिक जगत बानियाँले बताउनुभयो । करिब एक दशकअघिदेखि म्याग्दीका गाउँबाट रैथाने प्रजातिका खाद्यान्न, हिउँदे बाली, दलहन र तेलहनका बाली, फलफूल, बालीको बीउ, जुनेलो, सिलाम, आँगा, मार्सी, गुडुरा, गौरिया, जौ, धानलगायत धान, घैया, उवाका बाली तथा बीउ लोप हुँदै गएको केन्द्रको तथ्याङ्कमा उल्लेख गरिएको उहाँले बताउनुभयो । जिल्लाको कृषि उत्पादन र विकास गर्ने जिम्मा लिएको केन्द्रले रैथाने बालीको संरक्षणका लागि कृषकलाई प्रोत्साहन गर्ने खालका कुनै कार्यक्रम सञ्चालन गर्न नसकेको जिल्लाका अगुवा कृषक चन्द्रबहादुर कार्कीले बताउनुभयो । उहाँका अनुसार कार्यालयको तथ्याङ्कअनुसार विभिन्न प्रजातिका ९७ रैथाने बाली लोप हुने अवस्थामा पुगेका हुन् । "आयातित बीउबिजनको प्रयोग बढ्दै गएपछि यहाँका कृषकको घरका भित्तामा पाकेका फर्सी, काँक्रा, घिरौँलालगायतका बीउ टाँस्न छोडेका छन्", उहाँले भननुभयो, "धान, गहुँ, मकैलगायत बालीका लागि बीउसमेत साँचेर राख्न छाडेका छन्।" सरकारले विशेष गरी घैया, कोदो, लट्टे, कागुनो र फापरलाई रैथाने खाद्यका रुपमा विस्तार गर्दै लैजाने योजना बनाए पनि भारतलगायत विभिन्न देशबाट कोदो, मकै, चामल जस्ता वस्तुको आयात बर्सेनि बढ्दो क्रममा रहेको केन्द्रका पूर्वप्रमुख किरण सिग्देलले बताउनुभयो । "यस क्षेत्रमा कोदोको परिकार खाने परम्परा कम हुँदै गएको छ", उहाँले भन्नुभयो, "आयातित चामलको प्रयोग बढ्दैसँगै फापर, लट्टे, कागुनो, जौँलगायतका खाद्यपदार्थ प्रयोग हुँनै छाडेका छन्।" गाउँघरमा परिवारलाईआवश्यकपर्नेमात्रउत्पादन गर्ने गरिएको भन्दै व्यावसायिकरुपमा उत्पादन गर्ने प्रचलन हराउँदै गएको ज्यामरुककोटका कृषक शोभित शर्माले बताउनुभयो । पूर्वप्रमुख सिग्देलका अनुसार रैथाने बाली मानिएको कोदो, फापर, कागुनो, लट्टेजस्ता बाली अहिले धेरैले लगाउनै छाडिसकेका छन् । खेती गर्नेले पनि आफ्नै परिवारलाई आवश्यकपर्ने जति मात्रै रोप्ने गरेका छन् । उहाँले भन्नुभयो, "रैथाने बाली बचाउन सरकारले अनुदानको समेत व्यवस्था गरेको छ तर पनि धेरै यसबाट टाढा छन्।" 'हाइब्रीड' तथा उन्नत जातका बीउको प्रयोग बढ्दै गएकाले रैथाने बाली लोप हुँदै गएको कृषि वैज्ञानिक टीकाबहादुर कार्कीले बताउनुभयो । सरकारले प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजनाअन्तर्गत रैथाने बालीलाई प्रथमिकता दिएको भए पनि कृषक रैथाने बाली संरक्षणतर्फ आकर्षित नदेखिएका उहाँको भनाइ थियो । पछिल्लो समय नेपालको मकैलाई विस्थापन गर्दै चीनबाट 'वेक्स क्रप' (मकै) आयात हुन थालेको कार्कीले बताउनुभयो । उक्त मकै उसिनेर खान धेरै प्रयोग हुने भएकाले आयात धेरै भइरहेको उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार विगत १०/१२ वर्षदेखि आयात हुन थालेको चिनियाँ मकै विशेषगरी रेष्टुरेन्टमा प्रयोग हुने गरेको छ । कृषि प्राविधिकका अनुसार कोदो, चिनो, कागुनो, जुनेलो, बाजरा, साँवा आदि बाली सबै कोदो वर्गमा पर्दछन् । कोदो धान, मकै र गहुँ पछि चौथो महत्वपूर्ण खाद्यन्न बाली मानिए पनि पछिल्लो समय कोदो बालीको क्षेत्रफल घट्दै गएको केन्द्रले जनाएको छ। देशको कूल खाद्यान्न बालीको क्षेत्रफलको ७.७ प्रतिशत हिस्सा कोदोले ओगटेको छ । कोदो विशेष गरी म्याग्दी, खोटाङ, सिन्धुपाल्चोक, बागलुङ, स्याङ्जा, कास्की, ओखलढुङ्गा, गोरखा र सिन्धुली धैरै उत्पादन हुन्छ।

# श्री भगवतीटार आमा समुहको पाँचौं साधारण सभा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १७ भदौं


पोखरा महानगरपालिका वडा नं. १५ मजुवा, द्धारेखरबारीस्थित श्री भगवतीटार आमा समुहको ५ औं साधारण सभा तथा सम्मान कार्यक्रम शुक्रबार सम्पन्न भयो।

कार्यक्रमका प्रमुख अतिथि पोखरा १५ का वडा अध्यक्ष तोरण वानियाले उद्घाटन गर्दै मजुवा द्धारे खरबारी क्षेत्रको विकासको लागि आफु सधै सकरात्मक भएको वताउँदै यस वर्ष पिच वाटोको लागि ४० लाख र मजुवा ओरालो वाटो ढलानको लागि ५ लाख विनियोजन गरेको वताएका थिए। सो अवसरमा समाजसेवीहरु प्रेमबहादुर गुरुङ, आस बहादुर गुरुङ, कुमारी गुरुङ, अमृत गुरुङ, कृष्ण गुरुङ तथा विद्यार्थीहरु पद्मा थापा, अक्सर गुरुङ र मुकेश गुरुङलाई सम्मानपत्रद्धारा र शुशिला गुरुङ, मोहन गुरुङ, रोमबहादुर गुरुङलाई कदर पत्रद्धारा सम्मान गरिएको थियो । उक्त कार्यक्रममा राष्ट्रिय भुमि आयोग कास्कीका प्रवक्ता आसबहादुर गुरुङ, महिला अधिकारका लागि राष्ट्रिय अभियान केन्द्रीय उपाध्यक्ष दिलमाया गुरुङ, कास्की जिल्ला सामुदायिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा कालिका मावि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दिपक बहादुर थापा, राष्ट्रिय भुमिअधिकार मञ्च कास्कीका अध्यक्ष प्रेमबहादुर गुरुङ, भूमि सम्बन्धि सरोकार संघर्ष समिति कास्कीका अध्यक्ष रमेश बालकोटीले शुभकामना मन्तव्य व्यक्त गरेका थिए। भूमि सम्बन्धि सरोकार संघर्ष समितिको सचिव एवम् आमा समुहकी सचिव कुमारी गुरुङले भुमिहिन सुकुम्बासी तथा अव्यवस्थित वसोबासीहरुको हकहितको लागि मोर्चा वनाएर कार्य गर्ने संघर्ष समितिको योजना रहेको पनि वताएकी थिईन।

त्यसैगरी भुमि अधिकार तथा श्रमिक संगठन नेपाल कास्कीका अध्यक्ष टेकबहादुर पुन, सामुदायिक सेवा केन्द्र तथा सामुदायिक प्रहरी केन्द्र पृथ्वीचोक पोखरा ९ का सचिव उत्तम जोशी, पत्रकार कृष्ण रानाभाट, गलेश्वर टोलविकास संस्थाका अध्यक्ष सुर्य बहादुर वानिया, सेतिगंगा आमा समुहकी अध्यक्ष रमादेवी रानाभाट र फुलबारी आमा समुहका अध्यक्ष पशुपति गुरुङलगाएतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए। सभामा सहसचिव सिता रानाभाटको प्रगति प्रतिवेदन र कोषाध्यक्ष सुस्मिता गुरुङको आर्थिक प्रतिवेदन प्रस्तुत तथा पारित गरिएको थियो । आमा समुहकी अध्यक्ष शशी गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष कान्ती गुरुङले र कार्यक्रम संचालन सचिव कुमारी गुरुङले गरेकी थिइन।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

# हार्दिक श्रद्धाञ्जली



जन्मः
वि. स. २०२१/१२/२१ गते

स्वर्गारोहणः
वि. स. २०८०/०५/०६ गते

**स्वः बसन्त सुबेदी**

हाम्रा प्रात स्मरणीय हजुरबाबा **बसन्त सुवेदी** को ५९ वर्षको उमेरमा ब्रह्मलीन हुनु भएकोमा हामी मर्माहत एवं स्तब्ध भएका छौं। आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति तथा बैकुण्ठवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं।

**नातिहरुः**
**धर्म राज सुबेदी**
**चन्द्र शेखर सुबेदी**
**रवि चन्द्र सुबेदी**
**तथा सम्पूर्ण परिवार पोखरा-२ मिरुवा**